नेपाल सरकार
कृषि विकास मन्त्रालय

# राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष

सिंहदरबार प्लाजा, काठमाडौं

फोन: ४२६५०८१
४२२९५२४
फ्याक्स: ४२१६८०४

पत्र संख्या : ७३/०७४
चलानी नं. : ५४६

मिति : २०७४/०१/२५

श्री निर्देशक ज्यू,
डेभलपमेन्ट मिजन नेपाल,
बानेश्वर, काठमाडौं ।

विषय:आयोजना सम्भौता सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस संस्थबाट यस कोषमा तेह्रो आव्हान अर्न्तगत (Conservation And Promotion Of Hurrah And Chwanche Pigs In Makwanpur And Nawalparasi Districts of Nepal. –Proposal Regd. No. 35) नामक आयोजना प्रस्ताव पेश भएको र छनौटका विभिन्न चरणहरु पार गर्दे नेगोसिएसन बैठक सम्म पुग्न सफल भएको विदितै छ । यसै सन्दर्भमा नेगोसिएसन बैठकमा प्राप्त सुझावहरुका आधारमा आयोजना प्रस्तावमाथी परिमार्जन गरि बजेट र समय सिमामा प्रस्तावित आयोजना तयार गरि निश्चित समयभित्र सम्झौता प्रकृया गर्नुपर्नेमा सो प्रकृया नअपनाइएको अवस्था रहिआएको छ । यसै सिलसिलामा प्रस्तावित आयोजनाका प्रश्तावित संयोजक श्री मनराज कोलाक्षपति द्वारा आयोजना प्रस्ताव फिर्ता लिन त्यस संस्थामा मिति २०७३।११।३१ मा दिनुभएको निवेदनको बोधार्थ प्रति यस कोषमा प्राप्त हुन आएको छ । उक्त बोधार्थमा उल्लेख भए अनुसार प्रस्तावित आयोजना सम्झौता भई कार्यन्वयनमा जाने नदेखिएको सम्बन्धमा त्यस संस्थाको राय प्रतिकृया ७ दिन भित्र यस कोषमा उपलब्ध गराउनु हुन जानकारी गराइन्छ । साथै त्यहाँबाट कुनै प्रंकारको राय प्रतिकृया प्राप्त नभएमा प्रस्तावित आयोजना स्वतः रद्द प्रकृयामा जाने व्यहोरा जानकारी गराइन्छ ।

बोधार्थ
श्री मनराज कोलाक्षपति
प्रस्तावित परियोजना संयोजक

तारा कुमार श्रेष्ठ
(सदस्य सचिव)